नेपाल सरकार

**मा. यशोदा कुमारी लामा**
**राज्यमन्त्री**
**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

फोन नं. : ४२००६३१
फ्याक्स नं. : ४२११६४५

**निजी सचिवालय**
सिंहदरवार, काठमाडौं ।


नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री
निजी सचिवालय
सिंहदरवार, काठमाडौं

पत्र संख्या :- ०७४/७५
चलानी नं. :- ५९

मिति : २०७४/१०/१०

विषय : प्रेस विज्ञप्ति ।

मिति २०७४ साल मंसीर ९ गते **"राज्यमन्त्री भन्छिन्- लुट मच्याइँदैछ मिडियावाला केही लेख्दैनन्"** भन्ने समाचार शीर्षकमा एक अनलाइन पत्रिकामा मैले केही भन्दै नभनेको विषयमा मेरो नाम उल्लेख गरी सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्री, सचिव र मलाई बदनाम गर्ने उद्देश्यबाट प्रकाशित भएको कपोलकल्पित तथा भ्रामक समाचारप्रति मेरो गम्भीर ध्यायनकर्षण भएको छ । उक्त समाचार शतप्रतिशत झुट्टो र मेरो चरित्रहत्या गर्ने उद्देश्यबाट प्रकाशित भएकोमा समाचार प्रकाशित गर्ने मिडियाप्रति दु:ख व्यक्त गर्दै असत्य तथा आधारहीन समाचारको खण्डन गरी पत्रकारिताको धर्म पूरा गर्न आग्रह गर्दछु । साथै सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीमा मेरो निष्ठा र प्रतिष्ठालाई हानी पुऱ्याउन गरिएको यस्तो हर्कतबाट आफू कतिपनि विचलित नरहने र यस अघि जस्तै राष्ट्र र जनताको हितमा अविचलित रुपमा लागिरहने प्रण गर्दछु ।

(मा.यशोदा कुमारी लामा)
राज्यमन्त्री
भूमिसुधार तथा व्यवस्था

मा. यशोदा कुमारी लामा
राज्यमन्त्री